# बैठक नं. २० २०६८।१२।१९

आज मिति २०६८ साल चैत्र १९ गते सोमवार खाँदबारी नगर कार्यपालिकाका प्रमुख श्री मुरारी प्रसाद खतिवडा ज्युको अध्यक्षतामा नगर कार्यपालिकाको विशेष बैठक बसी निम्नानुसार प्रस्तावहरु माथि छलफल गरी सर्वसम्मत निर्णय गरियो।

- उपस्थिति -

१. श्री मुरारी प्रसाद खतिवडा, प्रमुख नगर कार्यपालिका (सही)
२. श्री डोरेश्वरी श्रेष्ठ. उप-प्रमुख " — " (सही)
३. श्री निरञ्जन श्रेष्ठ - कार्यपालिका सदस्य " — " (सही)
४. श्री ज्ञान ब. श्रेष्ठ - " — " (सही)
५. श्री देवराज घिमिरे " — " (सही)
६. श्री सजित राई " — " (सही)
७. श्री श्याम प्र. तिरौला " — " (सही)
८. श्री दयानिधि बराल " — " (सही)
९. श्री मौसम आले मगर " — " (सही)
१०. श्री उद्धव ब. कटुवाल " — " (सही)
११. श्री टिकाराम कुमाल " — " (सही)
१२. श्री केशवराज सिं थापा " — " (सही)
१३. श्री नगेन्द्र गुरुङ " — " (सही)
१४. श्री कुलराज लामा " — " (सही)
१५. श्री बाल कुमारी बोडारी " — " (सही)
१६. श्री सुनिता कटुवाल भाजी " — " (सही)
१७. श्री इन्द्रमाया बराइली " — " (सही)
१८. श्री गोपीमाया घिमिरे " — " गोपी
१९. श्री लक्ष्मी राई कुवार " — " (सही)
२०. श्री पदमलाल बोहरा " — " (सही)
२१. श्री चन्द्रकला लामा " — "
२२. श्री कृष्णकुमार तिम्सिना सचिव, प्र.प्र.अ. (सही)
गणेश श्रेष्ठ, बैठक लिपिक नं. १ (सही)

निर्णय नं १

मिति २०७४ साल चैत्र ६ गते यस कार्यपालिकाको वैठकवाट गठित छानविन समितिको मिति २०७४/१२/ १८ गते प्राप्त प्रतिवेदन उपर आजको कार्यपालिका वैठकमा नगरप्रमुख ज्यू वाट जानकारी प्राप्त भयो । सो विषयमा छानविन समितिका संयोजनक श्री श्यामप्रसाद निरौलाले छानविन प्रतिवेदनको विषयमा थप प्रकास पार्नु भएको थियो । यस विषयमा निम्नानुसार गर्ने निर्णय गरियो ।

१, यस कार्यालयको आ. व. २०७३/०७४ को लेखा परिक्षणको सिलसिलामा महालेखा परिक्षकको विभागवाट आएको लेखापरिक्षण टोलीले औंल्याएको बेरुजु तथा आर्थिक प्रशासन शाखाबाट भएको काम कार्वाहीको छानविन गरी प्रतिवेदन पेश गर्न यस कार्यपालिकाको मिति २०७४।१२।०६ गतेको निर्णयवाट कार्यदल गठन गरिएकोमा गठित समितीले छोटो समयमा अत्यन्त गहिरोसँग अध्यन गरी सुधारका लागि सुझाव समेतको प्रतिवेदन पेश गर्नु भएकोले टोलीका संयोजक श्याम प्रसाद निरौला सहित सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

२,उक्त प्रतिवेदनमा लेखा अधिकत नविनकुमार श्रेष्ठले विगत आ.व.मा नगरपलिकाको विभिन्न खाताहरुवाट रु १ करोड १६ लाख ८० हजार अपचलन गरेको देखिएकोले प्रचलित ऐन नियम अनुसार कार्यवाही हुन जिल्ला प्रशासन कार्यालय संखुवा सभामार्फत अख्तीयार दुरुपयोग आयोगमा प्रतिवेदन सहित कार्यवाहीको लागी लेखि पठाउने,

३, निज लेखा अधिकृत नविनकुमार श्रेष्ठले आफ्नो जिम्वेवारी प्रचलित ऐन कानुन बमोजिम पालना गरेको नदेखिएकोले प्रचलित कानुन बमोजिम अर्को निर्णय नहुन्जेलसम्मको लागि आजकै मिति देखि लागु हुने गरि निलम्वन गर्ने,

४, छानविन समितिवाट प्राप्त प्रतिवेदनको मुल अंश खाँदवारी नगरपालिकाको वेभसाइटवाट सार्वजनीक गर्ने,

५, विकास निर्माणको कार्य तिव्र गतिमा भईरहेको अवस्थामा रिक्त रहेको नगरपालिकाको आर्थीक कारोवार मिति २०७४/१२/०६ गते देखि नै ठप्परहेको अवस्थालाई ध्यानमा राखी चाँडो भन्दा चाँडो आर्थीक प्रशासन शाखामा कामकाज गर्ने कर्मचारी खटाई दिनहुनको निम्ति कोष तथा लेखा नियन्त्रण कार्यालय खाँदवारी संखुवा सभा र जिल्ला प्रशासन कार्यालय संखुवा सभालाई पुन अनुरोध गर्ने,

६, उक्त प्रतिवेदनमा दिइएका निष्कर्ष र सुझावहरुलाई कार्यान्वयन गर्न नगर कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने,

७, कोष तथा लेखा नियन्त्रक कार्यालयवाट लेखा समुहको कर्मचारी नआएसम्म यस कार्यालयका लेखापाल श्री सरोजकुमार श्रेष्ठ लाई लेखा प्रमुख भई कामकाज गर्न तोक्ने । प्रमुख प्रशासकीय अधिकृत

र लेखापाल सरोजकुमार श्रेष्ठको संयुक्त दस्तखतवाट नगर कार्यपलिकाको कार्यालयको नाममा संचालित सवै वैक खाताहरु संचालन गर्ने ।

निर्णय नं २

चालु आर्थीक वर्षका लागी नगर सभावाट स्वीकृत योजना/ कार्यक्रमहरु २०७५ वैशाख १० गते सम्म मात्र संझौता गरि कार्यान्वयन गर्ने । उक्त अवधिभन्दा अगाडि नै ल.ई र सम्झौता गर्न वाकी, योजना तथा कार्यक्रमहरु चाडोभन्दा चाडो सम्पन्न गर्न वडा अध्यक्ष, कार्यपालिका सदस्य र नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं ३

खाँदवारी नगरक्षेत्र भित्रका भुकम्प पिडितहरुले पेश गरेको नक्सा पास आवेदन अध्ययन गर्दा कतिपय भुकम्प पिडितहरुको जग्गा रहेको ठाउ कुनैपनि सार्वजनीक सडकहरुसंग जोडीएको देखिन्न । सार्वजनीक सडकहरुसंग नजोडिएका जग्गाहरुमा भवन निर्माणका लागी नक्सा पास नगर्दा कतिपय भुकम्प पिडितहरुको भवन निर्माण हुन नसक्ने अवस्थालाई दृष्टिगत गरि त्यस्तो जग्गामा समेत नक्सा पास गर्ने निर्णय गरियो ।

निर्णय नं -४

निम्न डेक्सटप कम्प्युटर,प्रिन्टर,ल्याप्टपहरु वडा कार्यालय र सुचना प्रविधि अधिकृतको लागी दरभाउ पत्रका आधारमा खरिद गरिएको प्रकृया र रकमलाई अनुमोदन गर्दै स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं | विवरण | खरिद संख्या | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | वज्र ट्रेड खाँदवारी वाट कोर आई थ्रि डेक्सटप कप्युटर | ५ वटा | ४८,000.00 | २,४०,000.00 | वडा कार्यालय व्यवस्थापनका लागि |
| २. | थ्रि इन प्रिन्टर | ५ वटा | १६,५00.0 | ८२,५00.00 | वडा कार्यालय व्यवस्थापनका लागि |
| ३. | क्रिएटिभ कम्प्युटर सेन्टर खाँदवावरीवाट कोर आई ५ कम्प्युटर | १ | ६९,000.0 | ६९,000.00 | सुचना प्रवधि अधिकृत को व्यवस्थापनका लागि |
| ४. | कोर आई ५ ल्याप्टप | १ | ७0,000.0 | ७0,000.00 | सुचना प्रवधि अधिकृत को व्यवस्थापनका लागि |

| | | | | |
|---|---|---|---|---|
| ६ | निर्मला चापागाई | ६ | ६ | |
| ७ | नमिता कार्की | ७ | ७ | |
| ८ | तुलसी घिमिरे | ८ | ८ | |
| ९ | चूडादेवी श्रेष्ठ | ९ | ३ | |
| १० | सुष्मा घिमिरे | ९ | ९ | |
| ११ | धन नारायण राई | १० | १० | |
| १२ | रोशन निरौला | ५ | नगर कार्यपालिका | |

निर्णय न. ७

खाँदवारी नगरपालिकाको प्रथम नगरसभा वाट पारित विभिन्न योजना तथा कार्यक्रमहरु संसोधन गरि कार्यान्वय गर्नको लागी विभिन्न वडा समितिहरु वाट निर्णय गरि कार्यक्रम संसोधन गरि कार्यान्यन गर्न सिफारिस भई आएका निम्नानुसार योजना तथा कार्यक्रमहरु संसोधन गरि कार्यान्वयन गर्न प्रथम नगर सभाको निर्णय नं २७ ले दिएको अधिकार प्रयोग गरि संसोधन गर्ने निर्णय गरियो

| साविक भएको योजना | हाल संशोधन भएको योजना |
|---|---|
| शित्तला प्रा.वि. अर्चले -खानेपानी तथा विजुली) विस्तार खा.न.पा. ८ | शित्तला प्रा.वि. अर्चले कम्प्युटर खरिद |
| रसाइली टोल जाने मोटर बाटो मर्मत खा.न.पा.८ | पानी ट्याङकी रसाइली गाउ मोटर बाटो ट्रयाक ओपन |
| शिद्धेश्वर मन्दिर छाना लगाउने खा.न.पा.८ | सर्वेश्वर महादेव शिवालय मन्दिर भुई ढलान |
| ब्रमह कुमारी राजयोगकेन्द्रको सिडि निर्माण खा.न.पा. १ | ब्रमह कुमारी राजयोगकेन्द्रको वाल निर्माण |
| वडा नं. ११ गैही टोलबाट चारधार आउने सडक ट्रयाक ओपन | वडा नं. ११ हरेलो गैही टोलबाट चारधार आउने सडक ट्रयाक ओपन |
| गाउघर क्लिनीक संचालन सिम्ले रु.३००००। अपांग संजालको जग्गा तारवार रु.२००००। | आंला डाडागाउँ हरियाली कृषि समुह जस्तापाता व्यवस्थापन रु.५००००। |
| सिरिसे कोल गैरा स्थित बौद्ध गुम्वा घडेरी खार्ने कार्य रु ६०,०००। र तामाङ घेदुङ संघ खा.न.पा. १० गुम्वा निर्माण १,०००००। | सिरिसे कोल गैरा स्थित बौद्ध गुम्वा घडेरी खार्ने तथा भवन निर्माण कार्य रु १,६०,०००। |

निर्णय नं ८

स्थानिय तहका वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन २०७४ (परिमार्जीत) सवै कार्यपालिका सदस्यहरुलाई उपलव्ध गराईएको छ । सो मा व्यवस्था भए अनुसार आगामी आ.व. ०७५/०७६ का लागी योजना तथा वजेट तर्जुमा गर्न सवै वडा समिति,राजश्व परामर्श समिति,विषयगत समितिहरु र ऐन अनुसारका समितिहरुले आ आफ्नो जिम्वेवारी अनुसारको कार्य प्रारम्भ गर्ने निर्णय गरियो ।

निर्णय नं ९

खाँदवारी नगरपालिका वडा नं. १ मा रहेको शनिवारे तथा बुधवारे हाटवजार करको लागि आ.व ०७५/०७६ मा वार्षिक न्यूनतम कवोल अंक रु.१०५०००। (एक लाख पाँच हजार मात्र)मा नघट्ने गरी हाट कर ठेक्का लगाउने र खाँ.न.पा वडा नं. ९ मा रहेको शुक्रबारे हाट वजारको लागि वार्षिक न्यूनतम कवोल अंक रु.३००००।(तिस हजार मात्र)मा नघट्ने गरी दुवै स्थानमा ठेक्का लगाउने सम्वन्धी कवोल पत्र अह्वान गर्नका लागि आजको वैठक द्धारा निर्णय गरियो ।